नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

प.सं. ०७६/७७
च.नं. ८७३

२०७७/०३/०१

विषय: वाणिज्य व्यवसाय दस्तुर छुट सम्बन्धमा ।

श्री वाणिज्य कार्यालय सबै,

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०१/१४ को कोभिड १९ को कारण प्रभावितहरुलाई राहत कर छुट तथा सुविधाहरू स्वीकृत गर्ने निर्णय बुँदा ७ (ग) को कार्यान्वयन सम्बन्धमा देहायबमोजिम गर्न गराउनु हुन मिति २०७७/०३/०१ को विभागीय निर्णयानुसार अनुरोध छ ।

देहाय:

क. प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ (बाह्रौं संशोधन) नियम ७ उपनियम (१) र (२) बमोजिम नवीकरण हुनुपर्ने प्राईभेट फर्मको नवीकरण गर्नुपर्ने अवधि लकडाउन समय (२०७६/१२/११ देखि २०७७/०२/३२ सम्म) परेमा सो समयलाई शुन्य कायम गरी लाग्ने नवीकरण दस्तुर लिई नवीकरण गर्ने ।

ख. लकडाउन शुरु हुनु अगावै सोही नियमावलीको नियम ७ (३) बमोजिम अवधि समाप्त भई नियम ७ (५) (क) वा (ख) बमोजिमको दस्तुर लाग्ने भएमा लकडाउन हुनु अगावै ७ (५) (क) वा (ख) अनुसार जुन दस्तुर लाग्ने थियो सोही दस्तुर लिई नवीकरण गर्ने ।

ग. साझेदारी फर्म र एजेन्सीको हकमा तोकिएको अवधिमा नवीकरण नगराएमा लाग्ने जरिवाना एकमुष्ट रहेकोले सोही अनुरुप लिई नवीकरण गराउने । र एजेन्सीको सम्वन्धमा चैत्र मसान्तसम्म नवीकरण गर्नसक्ने व्यवस्थालाई २०७७ असार मसान्तसम्म कायम गर्ने ।

२०७७/०३/०१
सिर्जना थपलिया
निर्देशक

"उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता, उपभोगमा विवेकशीलता"
website : www.doc.gov.np, E-mail : mail@doc.gov.np
फोन नं : ४-२४७९१२, ४२४७९१३ फ्याक्स : ९७७-१-४२४९६०३

Scanned with CamScanner